नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

मिति: २०८१/०६/१५

सुनसरी जिल्लामा अवस्थित एक विद्यालयको आ.व. २०७७/७८ को लेखापरीक्षण सम्बन्धमा यस संस्थाका "घ" वर्गका एक सदस्यले आफ्नो लेखापरीक्षण सीमाभन्दा बढी रकमको लेखापरीक्षण गरेको व्यहोरा उल्लेख गरी संस्थाका कार्यकारी निर्देशकको ईमेल ठेगानामा जानकारी प्राप्त भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३५(२) अनुसार संस्थाका कार्यकारी निर्देशकको प्रस्तावमा संस्थामा दर्ता भएको उजुरीको सम्बन्धमा अनुशासन समितिले पेश गरेको अनुशासन छानविन प्रतिवेदन उपर परिषदमा छलफल गर्दा आरोपित सदस्यले आफूलाई प्राप्त लेखापरीक्षण सीमा रु ६ करोड भन्दा अधिक हुने गरी उक्त विद्यालयको आ.व. २०७७/७८ को कुल सम्पत्ति तथा दायित्व रकम र रु. १५ करोड ९६ लाख २२ हजार २ सय १९ र ५५ पैसा को वित्तीय विवरणको लेखापरीक्षण गरेको, उक्त लेखापरीक्षणको UDIN लिने क्रममा वासलतमा देखिएको कुल रकम रु. १५ करोड ९६ लाख २२ हजार २ सय १९ र ५५ पैसा लाई फरक पारी UDIN Portal मा रु. १ करोड ५९ लाख ६२ हजार २ सय २२ र ५५ पैसा प्रविष्टी गरेको र यसरी रकम फरक पारी प्रविष्टी गरिएकोमा संस्थाको UDIN Portal ले समेत सीमा भन्दा बढी रकमको लेखापरीक्षणलाई रोक लगाउन सक्ने अवस्था नभएको हुँदा निजले संस्थालाई झुक्यानमा पारी आफ्नो लेखापरीक्षण सीमा भन्दा बढी रकम रहेको वित्तीय विवरण उपर लेखापरीक्षण सम्पन्न गरेको देखिएको हुँदा निज लेखापरीक्षकले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३०(क), ३४(१), ३४(९), ३४(१३) तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५३ मा भएको व्यवस्थाको उल्लंघन गर्ने कार्य गरेको पाइएकोले निज आरोपित लेखापरीक्षकलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा १४(५)(क) बमोजिम **नसिहत सजाय दिने** निर्णय परिषदको मिति २०८१ असोज ०६ गते बसेको ३३५ औं बैठकबाट भएको व्यहोरा सार्वजनिक जानकारीको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ८४(२)(ग) बमोजिम प्रकाशन गरिएको छ ।

*नोट:*
*यो सूचनामा उजुरी तथा उजुरी उपर भएको निर्णयको संक्षिप्त व्यहोरा मात्र उल्लेख गरी सार्वजनिक जानकारीको लागि प्रकाशन गरिएको हुँदा यसलाई अनुशासन छानविनको पूर्ण प्रतिवेदनको रुपमा लिन उपयुक्त नहुने ।*

.................................
सिए. किरण कुमार खत्री
नि. कार्यकारी निर्देशक

**ICAN Marg, Satdobato, Lalitpur Nepal, Tel: 0977-1-5430832, 5430730, Fax:0977-1-5450774**
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

**Branch Offices:**
**Biratnagar: Tel: 977-021-474395, E-mail:icanbrt@ican.org.np**
**Birgunj: Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np**
**Nepalgunj: Tel:977-081-525916, E-mail: icannpj@ican.org.np**
**Butwal: Tel:977-081-543629, E-mail:icanpkr@ican.org.np**
**Pokhara: Tel: 977-061-587679, E-mail: icanpkr@ican.org.np**
**Dhangadhi: 977-091-527493, E-mail: icandng@ican.org.np**